आज मिति २०७६।४।९ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ४८ औ बैठक बसि तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा (अध्यक्ष) | |
| २ | श्री मिना कुमारी सोमै मगर (उपाध्यक्ष) | |
| ३ | श्री बसन्त बहादुर जि.सी. (वडा अध्यक्ष, २ नं. वडा) | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर (वडा अध्यक्ष, ४ नं. वडा) | |
| ५ | श्री भिम बहादुर मर्सांगी मगर (वडा अध्यक्ष, ३ नं. वडा) | |
| ६ | श्री तुल बहादुर रोका मगर (वडा अध्यक्ष, ६ नं. वडा) | |
| ७ | श्री मुकुन्दराज शर्मा (वडा अध्यक्ष, १ नं. वडा) | |
| ८ | श्री सन्त बहादुर बराल मगर (वडा अध्यक्ष, ५ नं. वडा) | |
| ९ | श्री मोहम्मद हलिम हलुवाई (कार्यपालिका सदस्य) | अनुपस्थित |
| १० | श्री टंक प्रसाद सुनार (कार्यपालिका सदस्य) | |
| ११ | श्री सुशिला के.एम. (कार्यपालिका सदस्य) | |
| १२ | श्री चन्द्रिमा थापा मगर (कार्यपालिका सदस्य) | |
| १३ | श्री जिवा सुनार (कार्यपालिका सदस्य) | |
| १४ | श्री खिमा सुवेदी (कार्यपालिका सदस्य) | अनुपस्थित |
| १५ | श्री अमर बहादुर वली (सचिव) | |

अन्य उपस्थिति:

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री लक्ष्मण आचार्य (अधिकृत छैठौं) | |
| २ | श्री निर्मल पाण्डे (सह लेखापाल) | |
| ३ | श्री गोविन्द प्रसाद पोखेल (कार्यालय सहयोगी) | |

Scanned with CamScanner

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रस्ताव नं. १-आर्थिक सहायता सम्वन्धमा।

निर्णय नं. १-देहायको संस्था र व्यक्तिलाई तपसिल वमोजिमको शिर्षकको निम्न वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

| क.स. | व्यक्ति/संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | कमला कामी, सरुमारानी ३ | रु. ५,०००।- | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| २ | राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला शाखा प्युठान | रु. ५,०००।- | अन्य संस्थालाई अनुदान सहयोग |
| ३ | झिमा वि.क.,सरुमारानी १ | रु. ५,०००।- | विपन्न असाहय सहयोग |
| ४ | गुमानसिं सुनार, सरुमारानी १ | रु. ५,०००।- | विपन्न असाहय सहयोग |

प्रस्ताव नं. २-मर्मत सम्भार कोषको रकम विनियोजन सम्वन्धमा।

निर्णय नं. २-मर्मत सम्भार कोषवाट देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) औलेनी टाकुरा मोटरवाटो मर्मत-रु. ११,५००।– (अक्षेरुपी एघार हजार पाँच सय)

ख) वगाले कुलो मर्मत-रु. २५,०००।– (अक्षेरुपी पच्चीस हजार )

ग) फलामे खोल्सी होमपाईप-रु. ५०,०००।– (अक्षेरुपी पचास हजार)

प्रस्ताव नं. ३-विपद व्यवस्थापन कोषको रकम विनियोजन सम्वन्धमा।

निर्णय नं. ३-सरुमारानी गाउँपालिका वडा नं. २ स्थित गनाह ढाँडखोलीमा वर्षातको कारण खोलामा वालुवा जम्मा भई विपदको जोखिम उत्पन्न भएको हुँदा उक्त वालुवा हटाई नदीको वहाव वस्तीमा पस्न नदीन र स्थानीय जनतालाई विपदको जोखिमवाट बचाउन वालुवा हटाउने कार्यको लागि विपद व्यवस्थापन कोषवाट रु. २३,०००।– (अक्षेरुपी तेईस हजार) रकम विनियोजन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४-सरुमारानी गाउँपालिका ल्याव संचालन सम्वन्धमा।

निर्णय नं. ४-सरुमारानी गाउँपालिकाको आ.व. २०७६/७७ को स्विकृत वार्षिक कार्यक्रम वमोजिम ल्याव संचालन कार्यक्रम देहाय वमोजिम कार्यान्वियन गर्ने निर्णय गरियो ।

- स्वास्थ्य चौकी वांगेशाल, हंसपुर र ढुंगेगढीमा ल्याव सेवा संचालन गर्ने
- ल्याव सेवा संचालन गर्न ल्याव असिष्टेण्ट ३ (तिन) जना पदपूर्तिको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशित गर्ने, खुला-२(दुई) जना र महिला-१(एक) जना
- ल्याव असिष्टेण्टको लागि आवश्यक न्यूनतम योग्यता लोकसेवा आयोगले तोके वमोजिम हुने
- ल्याव असिष्टेण्टको मासिक तलव स्केलःरु. १५,०००।– (अक्षेरुपी पन्ध्र हजार) कायम गर्ने
- लिखित परीक्षा, अन्तरवार्ता संचालन गर्न देहाय वमोजिम छनौट समिति गठन गर्ने
    - संयोजक-प्रमुख प्रशासकीय अधिकृत
    - सदस्य-प्रशासन प्रमुख
    - सदस्य-स्वास्थ्य संयोजक

  अन्तरवार्तामा सम्वन्धीत विषय विज्ञलाई आमन्त्रीत गर्न सकिने छ ।
- छनौट विधिः लिखित परीक्षा, विशेष ग्राह्यता र अन्तरवार्ता
  लिखित परीक्षाः ५० अंक (प्रति प्रश्न १ अंकका दरले ५० प्रश्न)
  विशेष ग्राह्यताः २५ अंक

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(क) स्थायी वासिन्दा: १० अंक (सरुमारानी गाउँपालिका भित्रका स्थायी वासिन्दा भए १० अंक, प्युठान जिल्ला भित्रका अन्य स्थानीय तहका स्थायी वासिन्दा भए ५ अंक)

(ख) अनुभवः १० (सम्बन्धी कामको अनुभव भए प्रतिवर्ष २ अंकका दरले अधिकतम १० अंक)

(ग) शैक्षिक योग्यता बापतः ५ अंक (न्यूनतम शैक्षिक योग्यतामा विशिष्ट श्रेणी भए ५ अंक, प्रथम श्रेणी भए ३ अंक, द्वितिय श्रेणी भए २ अंक र पास श्रेणी भए १ अंक)

अन्तरवार्ता: २० अंक (न्यूनतमा ४० प्रतिशत र अधिकतम ७० प्रतिशतसम्म अंक प्रदान गर्न सकिने)

- साथै सामुदायिक स्वास्थ्य ईकाई, ददेरीमा रिक्त अ.न.मि.-खुला १(एक) जना करार पदपूर्तिको लागि ल्याव असिष्टेण्टको छनौट नमर्श अनुसार १५ (पन्ध्र) दिने विज्ञापन प्रकाशन गर्ने

प्रस्ताव नं. ५-राजश्व संकलन सम्बन्धमा।

निर्णय नं. ५-आर्थिक वर्ष २०७६/०७७ मा सरुमारानी गाउँपालिकामा सम्पत्ति र भूमि कर प्रणाली लागु गर्ने नीति अनुरुप अनलाईन/अफलाईन सफ्टवयर प्रणाली अपलोड र सेटीङ गर्ने कार्य भई रहकोले सरुमारानी गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरु श्रावण १ गते देखि १० गतेसम्म राजश्व दाखिला बन्द हुने व्यहोरा सूचना सम्पूर्ण नागरिकहरुलाई सूचित गरिएकोमा श्रावण १ गतेयता आवश्यक भई काटीएका रसीदहरु सफ्टवयर सिस्टममा इन्ट्री गरी रसीद भेरिफिकेशन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६-अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण शिविर संचालन सम्वन्धमा।

निर्णय नं. ६-यस गाउँपालिकामा वडाहरुमा गई अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण गर्न अधिकृत छैठौं लक्ष्मण आचार्य र सहायक महिला विकास निरीक्षक कल्पना खनाललाई खटाउने निर्णय गरियो ।

| क.स. | मिति | स्थान |
|---|---|---|
| १ | २०७६।४।१६ | १ नं. वडा कार्यालय |
| २ | २०७६।४।१७ | २ नं. वडा कार्यालय |
| ३ | २०७६।४।१८ | ३ नं. वडा कार्यालय |
| ४ | २०७६।४।१९ | ५ नं. वडा कार्यालय |
| ५ | २०७६।४।२० | ६ नं. वडा कार्यालय |
| ६ | २०७६।४।२१ | ४ नं. वडा कार्यालय |

प्रस्ताव नं. ७-व्यसाय दर्ता शिविर संचालन सम्वन्धमा।

निर्णय नं. ७-यस गाउँपालिकामा वडाहरुमा व्यवसाय दर्ता कार्य संचालन गरी आन्तरिक राजश्व वृद्धि गर्न देहाय वमोजिम स्थानमा देहायको मितिमा व्यवसाय दर्ता शिविर संचालन गर्ने र उक्त कार्यको लागि स्वास्थ्य सह संयोजक टेकेन्द्र रायमाझी र प्रशासन सहायक सावित्रा के.सी.लाई खटाउने निर्णय गरियो ।साथै व्यवसाय दर्ताको निमित्त आवश्यक सहयोग एवं समन्वयको लागि उद्योग वाणिज्य संघ, वडडाँडा ईलाका कार्यालयलाई जानकारी गराउने निर्णय गरियो।

| क.स. | मिति | स्थान |
|---|---|---|
| १ | २०७६।४।१६ | १ नं. वडा कार्यालय |
| २ | २०७६।४।१७ | २ नं. वडा कार्यालय |
| ३ | २०७६।४।१८ | ३ नं. वडा कार्यालय |
| ४ | २०७६।४।१९ | ५ नं. वडा कार्यालय |
| ५ | २०७६।४।२० | ६ नं. वडा कार्यालय |
| ६ | २०७६।४।२१ | ४ नं. वडा कार्यालय |

Scanned with CamScanner

प्रस्ताव नं. ८-आ.व. २०७५/७६ का संघीय राजश्व बाँडफाड अन्तरगतका भुक्तानी दिन बाँकी योजनाहरुको रकम भुक्तानी सम्वन्धमा।

निर्णय नं. ८-यस गाउँपालिकाको आ.व. २०७५/७६ को स्विकृत वार्षिक कार्यक्रम बमोजिम कार्यसम्पन्न भएका देहायका योजनाहरु संघीय राजश्व बाँडफाडको तोकिएको सिलिङ अनुसार बजेट प्राप्त नभई भुक्तानी दिन समस्या भएको सन्दर्भमा अनुगमन प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन समेतका आधारमा उक्त रकम आ.व. २०७५/७६ को वचत रकम आन्तरिक स्रोत अल्यावाट भुक्तानी दिईएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| योजना सम्झौता मिति | व्यहोरा-भुक्तानी पाउनेको नाम सहित | बजेट रकम रु. | भुक्तानी दिन बाँकी रकम रु. |
|---|---|---|---|
| २६/११/२०७५ | शिशिर निर्माण सेवा, प्युठान | ६५,०००।- | ५१,१००।- |
| २६/११/२०७५ | शिशिर निर्माण सेवा, प्युठान | ७०,०००।- | ६१,८५०।- |
| २७/११/२०७५ | शिशिर निर्माण सेवा, प्युठान | ८०,०००।- | ७०,८८०।- |
| १८/१२/२०७५ | वड्डाडा खोपकेन्द्र धनकोट मोटर वाटो | १,००,०००।- | ५९,६५०।- |
| १८/०३/२०७६ | लोक वहादुर राना वडा सचिव कार्यादेश वुढीखोला सिचाई पाईप | १,००,०००।- | ९६,०००।- |
| १२/११/२०७५ | डाडाँगाउँ लिफ्ट सिचाई | १,००,०००।- | ९४,६००।- |
| ३०/१२/२०७५ | खेमान सिह सारु अध्यक्ष डुडरुङे सिचाई पक्की कुलो | ५०,०००।- | ४८,०००।- |
| २२/१२/२०७५ | ज्ञानु प्र. खनाल कार्यादेश भोमपाली मिठीआप मोटर वाटो | ५०,०००।- | ४८,०००।- |
| ०२/१०/२०७५ | भित्रिखोला छविसे सिचाई पाईप | १,५०,०००।- | १,४३,५५४।- |
| २८/१२/२०७५ | वड्डाडा धनकोट मो.वा | २,००,०००।- | १,९२,०००।- |
| १०/१२/२०७५ | हिरा कुमारी रायमाझी अध्यक्ष औलेनी टाकुरा आटीटार मो.वा. | ५०,०००।- | ४८,०००।- |
| २६/११/२०७५ | न्यू स्वर्गद्धारी निर्माण सेवा | २,५०,०००।- | २,०८,४४५।- |
| २९/१२/२०७५ | सन्तोष कन्टक्सन निर्माण सेवा | ५,००,०००।- | २,०३,३०९।- |
| २९/०९/२०७५ | स्वर्गद्धारी गेट गनाहा दाङ मो.वा. | २०,००,०००।- | १९,०८,८४०।- |
| ०३/१२/२०७५ | टोप वहादुर घर्ति माझिल्ला ढिक रिड कुवा | ५०,०००।- | ४८,०००।- |
| ०३/१२/२०७५ | मल्लरानी कन्सटक्सन, प्युठान | ४,३०,०००।- | ३,९१,४८२।- |
| ०३/१२/२०७५ | लोक वहादुर राना वडा सचिव कार्यादेश गुरुङ डाडा ढाव कटौजे मो.वा. मर्मत | ९०,०००।- | ८६,४००।- |
| २५/०२/२०७६ | वाङगेशाल कास्कोट मो.वा. | ५,००,०००।- | ४,७९,९००।- |
| १२/१२/२०७५ | चाभा खोला सिचाई पाईप खरिद योजना | ६०,०००।- | ५७,६००।- |
| २५/१२/२०७५ | दर्भान मैदान वर्नविर मो.वा. स्तरउन्नती | २०,००,०००।- | १५,३६,०००।- |
| १५/०२/२०७६ | झिलिवाड लिफ्ट सिचाई योजना | २,५०,०००।- | २,३८,१५८।- |
| २०/१२/२०७५ | औलेनी आटीटार कास्कोट मो.वा. | ३,००,०००।- | २,८८,०००।- |
| | जम्मा रु. | | ६३,५९,७६८।- |

भग बहादुर विश्वकर्मा

प्रस्ताव नं. ९-कृषि/पशु प्राविधिक करार सम्वन्धमा ।

निर्णय नं. ९-संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७५/७६, च.नं. ७९६ मिति २०७६।३।२९ को प्राप्त पत्रानुसार साविक गाविस एक प्राविधिक कर्मचारीहरुको पारिश्रमिक व्यवस्थापन सम्वन्धमा प्रति प्राविधिक रु. १ लाख ६ हजार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले भैपरी आउने चालु खर्चवाट व्यहोर्ने र बाँकी रकम लागत सहभागितावाट व्यवस्थापन गर्ने भनी लेखी आएको हुँदा निजहरुलाई रा.प.अनं. द्वितिय श्रेणी सरहको तलव भत्ता प्रदान गर्न बाँकी रकम गाउँपालिकाले किसानसँग गाउँसरकार कार्यक्रमवाट व्यहोर्ने गरी २०७६ श्रावण मसान्तदेखि २०७७ असार मसान्तसम्म करार सम्झौता गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १०-उपभोक्ता समिति गठन गर्ने सम्वन्धमा ।

निर्णय नं. १०-यस गाउँपालिकाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक योजनाहरुमध्ये उपभोक्ता समितिले काम गर्ने भनि निक्यौल भएका योजनाहरुको भाद्र मसान्तसम्म उपभोक्ता समिति गठन गरिसक्ने र उपभोक्ता समिति गठन भए पश्चात उपभोक्ता समितिका पदाधिकारीहरुलाई आश्विन दोस्रो हप्तासम्म अभिमूखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११-आ.व. २०७६/७७ का स्वीकृत योजनाहरुको संचालन गर्ने सम्वन्धमा।

निर्णय नं. ११-यस गाउँपालिकाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक योजनाहरुमध्ये उपभोक्ता समितिवाट सम्पन्न हुने गरी एकिन भएका योजनाहरुको हकमा रु. ५ लाख रकम सम्मका योजनाहरुको वडा कार्यालयले सिफारिश गरी सम्झौताको लागि गाउँपालिकामा पठाउने, रु. ५ लाख रकम भन्दा माथिका योजनाहरुको गाउँ कार्यपालिकाको कार्यालयले सम्झौता गर्ने, रु. ५ लाख रकम सम्मका योजनाहरुको वडा स्तरीय अनुगमन समितिले अनिवार्य अनुगमन गर्ने, रु. ५ लाख रकम भन्दा माथिका योजनाहरुको गाउँपालिका स्तरीय अनुगमन समितिले अनुगमन अनिवार्य गर्ने, योजनाहरुको नियमानुसार ४% कन्टिनजेन्सी रकम काट्ने, योजनाहरुको अन्तिम भुक्तानी गर्दा रु. ५० हजार रकमसम्मका योजनाहरुको सम्वन्धीत समितिको निर्णय बमोजिम तोकिएको व्यक्तिको नाममा वाहक चेकद्धारा भुक्तानी गर्ने र रु. ५० हजार रकम भन्दा माथिका योजनाहरुको अन्तिम भुक्तानी गर्दा सम्वन्धीत समितिको नाममा अनिवार्य एसी पेयी चेकद्धारा मात्र भुक्तानी गर्ने साथै सम्पूर्ण योजनाहरुको सार्वजनिक सुनुवाई र अनुगमन कार्यलाई प्रभावकारी ढंगले संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १२-योजना अनुगमन समिति गठन गर्ने सम्वन्धमा ।

निर्णय नं. १२- यस गाउँपालिकाको आ.व. २०७६/७७ को स्वीकृत वार्षिक योजनाहरुको अनुगमन कार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिमका योजना अनुगमन समिति गठन गर्ने, योजना अनुगमनको शिलशिलामा उपभोक्ता समितिका पदाधिकारीहरुको अनिवार्य उपस्थिति हुनुपर्ने, वडा कार्यालयले भुक्तानीको लागि सिफारिस गर्दा सार्वजनिक परीक्षणको कार्य गरे/नगरेको समेत एकिन गरेर मात्र सिफारिस गर्ने, अनुगमन खटीने गाउँपालिका स्तरीय योजना अनुगमन समितिमा रहने भनि तोकिएका जनप्रतिनिधि, कर्मचारी, विशेष अवस्थामा अनुगमन समितिमा आमन्त्रीत भनी किटान गरिएका बाहेक बढीमा ३ जनालाई समेत दैनिक रु. १२०० (बाह्र सय) योजना अनुगमन भत्ता र अनुगमन खटीने वडा स्तरीय योजना अनुगमन समितिमा रहने भनि तोकिएका जनप्रतिनिधि र कर्मचारीलाई मात्र दैनिक रु. १,००० (एक हजार) योजना अनुगमन भत्ता प्रदान गर्ने निर्णय गरियो ।साथै प्रत्येक वडाको लागि योजना अनुगमन भत्ताको योजनाहरुको कन्टीनजेन्सी रकमवाट भुक्तानी हुने गरी अधिकतम सिमा रकम रु १ लाख ३५ हजार तोक्ने निर्णय गरियो ।

Scanned with CamScanner

गाउँपालिका स्तरीय योजना अनुगमन समिति

गाउँपालिकाको उपाध्यक्ष-संयोजक

गाउँपालिकाको अध्यक्षले तोकेको एक जना महिला सहित कार्यपालिकाका सदस्य मध्ये २ जना

चन्द्रिमा थापा र खिमा सुवेदी - सदस्य

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

आर्थिक प्रशासन शाखाको १ जना-सदस्य

सम्वन्धी विषय विज्ञ (प्राविधिक) १ जना-सदस्य

योजना शाखा प्रमुख-सदस्य सचिव

आमन्त्रीत-गाउँपालिका अध्यक्ष

आमन्त्रीत-सम्वन्धीत वडाको वडा अध्यक्ष

आमन्त्रीत-गाउँपालिकाका सल्लाहकार मध्ये १ जना

वडा स्तरीय योजना अनुगमन समिति

वडा अध्यक्ष-संयोजक

वडा सदस्यहरु-सदस्य

सम्वन्धी विषय विज्ञ (प्राविधिक) १ जना-सदस्य

वडा सचिव-सदस्य सचिव

आमन्त्रीत-उपलब्ध भएसम्म गाउँपालिकाका सल्लाहकार मध्ये १ जना

प्रस्ताव नं. १३-उपभोक्ता समितिका पदाधिकारीकालाई अभिमुखिकरण कार्यक्रम सम्वन्धमा।

निर्णय नं. १३-यस गाउँपालिकाको स्वीकृत वार्पिक कार्यक्रम वमोजिमका योजनाहरुको छिटो, छरितो र प्रभावकारी रुपमा संचालन गर्न विकास निर्माणका योजनाहरुको लागि गठित उपभोक्ता समितिका पदाधिकारीलाई योजना सम्वन्धी अभिमुखीकरणका कार्यक्रम देहाय वमोजिम संचालन गर्ने, उक्त अभिमूखिकरणमा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोपाध्यक्ष गरी प्रत्येक उपभोक्ता समितिवाट तिन जनाका दरले सहभागि गराउने निर्णय गरियो।

| क्र.स. | अभिमुखिकरण हुने मिति, समय र स्थान | वडागत वर्गिकरण |
|---|---|---|
| १ | २०७६।६।५ गते विहान ठिक ९.०० बजे वडा नं. ६ | ६ नं वडाका उपभोक्ता समिति |
| २ | २०७६।६।६ गते विहान ठिक ९.०० बजे वडा नं. ५ | ५ नं वडाका उपभोक्ता समिति |
| ३ | २०७६।६।७ गते विहान ठिक ९.०० बजे वडा नं. ४ | ४ नं वडाका उपभोक्ता समिति |
| ४ | २०७६।६।८ गते विहान ठिक ९.०० बजे वडा नं. ३ | ३ नं वडाका उपभोक्ता समिति |
| ५ | २०७६।६।९ गते विहान ठिक ९.०० बजे वडा नं. २ | २ नं वडाका उपभोक्ता समिति |
| ६ | २०७६।६।१० गते विहान ठिक ९.०० बजे वडा नं. १ | १ नं वडाका उपभोक्ता समिति |

प्रस्ताव नं. १४-योजनाको कार्यान्वयनमा मेसिनको प्रयोग सम्वन्धमा।

निर्णय नं. १४- यस गाउँपालिकाको आ.व. २०७६/७७ को स्वीकृत गाउँ विकास योजना अनुरुप उपभोक्ता समितिवाट संचालित हुने योजनाहरुको कार्यान्वयनको सन्दर्भमा मेसिनको प्रयोग गर्ने भनि प्राविधिक रुपमा एकिन भएमा देहायका मेसिनको दररेट तपसिल वमोजिम निर्धारण गर्ने, मेसिनको दररेट भन्दा कुनै पनि किसिमको अन्य अतिरिक्त खर्च भुक्तानी दिन नपाईने, मेसिन प्रयोग गर्दा र बन्द गर्दा सम्बन्धीत वडाको वडा अध्यक्षको रोहवरमा मुचुल्का अनिवार्य रुपमा गर्नुपर्ने निर्णय गरियो।

टायरवाला ब्याक हु लोडर-रु. २०००।- प्रति घण्टा (भ्याट बाहेक)

चैनवाला डोजर (१८० हर्ष पावर सम्म)-रु. ३२००।- प्रति घण्टा (भ्याट बाहेक) र ब्रेकर प्रयोग गरेमा रु.४२००।- प्रति घण्टा (भ्याट बाहेक)

चैनवाला डोजर (१८० हर्ष पावर भन्दा माथि)-रु. ४०००।- प्रति घण्टा (भ्याट बाहेक)र ब्रेकर प्रयोग गरेमा रु. ५०००।- प्रति घण्टा (भ्याट बाहेक)

प्रस्ताव नं. १५-तेस्रो चौमासिक आन्तरिक लेखा परीक्षण सम्बन्धमा ।

निर्णय नं. १५-यस गाउँपालिकाको आ.व. २०७५/७६ को तेस्रो चौमासिक आन्तरिक लेखा परीक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय, प्यूठानलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १६-नेपाल रेडक्रस सोसाईटीको संस्थागत सदस्यता लिने सम्बन्धमा ।

निर्णय नं. १६-नेपाल रेडक्रसलाई सहयोग पुराउने उद्देश्यले सरुमारानी गाउँपालिकाले नेपाल रेडक्रस सोसाईटीको संस्थागत सदस्यता लिने निर्णय गरियो । र उक्त सदस्यता लिन आवश्यक रकम रु. २५,०००।– (अक्षेरुपी पच्चीस हजार) अन्य संस्थालाई अनुदान, सहयोग शिर्षकवाट खर्च गर्ने निर्णय गरियो ।

भगबहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष